# विनियोजन ऐन-२०७९

चन्द्रकोट गाउँपालिका, गुल्मीको आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।

प्रस्तावना : चन्द्रकोट गाउँपालिका, गुल्मी २०७९/८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम चन्द्रकोट गाउँपालिकाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (क) यस ऐनको नाम "चन्द्रकोट गाउँपालिका, गुल्मीको विनियोजन ऐन, २०७९" रहेको छ ।

(ख) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि चन्द्रकोट गाउँ क्षेत्रमा लागु हुनेछ।

२. **आर्थिक वर्ष २०७९/८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (क)आर्थिक वर्ष २०७९/८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ५०,७९,६५,००० (अक्षेरुपी रुपैयाँ पचास करोड उनासी लाख पैसठ्ठी हजार मात्र।। नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **विनियोजन :** (क) यस ऐन द्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/८० को निमित्त चन्द्रकोट गाउँपालिका, गुल्मीको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(ग) उपदफा (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

पूर्णराज थापा मगर
अध्यक्ष

चन्द्रकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल